# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, माघ २७ गते २०५७ साल (अतिरिक्ताङ्क ५७ (क)

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी २०५७ साल पुस ११ र १२ गते काठमाडौं उपत्यकामा, पुष १६ गते राजविराजमा र सोही जरियाबाट उक्त महिनामा बारा र धनुषा जिल्लामा भएका तोडफोड, आगजनी र लुटपाटका घटनाहरूको पृष्ठभूमि कारण र सो घटनाबाट भएको जनधनको क्षति तथा सो घटनासँग सम्बन्धित अन्य पक्ष सम्बन्धी विषयमा जाँचबुझ गरी आफ्नो राय ठहर साथ श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको एक जाँचबुझ आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहायबमोजिम तोकेको छ।

१. आयोगको गठनः आयोगमा देहायबमोजिमका अध्यक्ष तथा सदस्य रहने छन्:–

(क) माननीय न्यायाधीश श्री गोविन्दकुमार श्रेष्ठ, पुनरावेदन अदालत, पाटन —अध्यक्ष

(ख) सहसचिव श्री विजयराज भट्टराई गृह मन्त्रालय — सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कानून व्यवसायी श्री उमेशचन्द्र झा, सर्लाही — सदस्य

२. आयोगको काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

२०५७ साल पौष ११ र १२ गते काठमाडौं उपत्यकामा, पुष १६ गतेराजविराजमा र सोही जरियाबाट उक्त महिनामा बारा र धनुषा जिल्लामा भएका तोडफोड, आगजनी र लुटपाटका घटनाहरूको पृष्ठभूमि, कारण र सो घटनाबाट भएको जनधनको क्षति तथा सो घटनासँग सम्बन्धित अन्यपक्षका सम्बन्धमा प्रचलित कानून बमोजिम तहकिकात तथा अभियोजन लगायतका फौज्दारी मुद्दामा बाधा नपर्ने गरी जाँचबुझ गरी आफ्नो राय ठहरसाथ प्रतिवेदन पेश गर्ने ।

३. आयोगको कार्यावधिः आयोगको कार्यावधि आयोगले कार्यारम्भ गरेको मितिले ४५ दिन हुनेछ ।

आज्ञाले,
श्रीकान्त रेग्मी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

९०६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।